**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख २४ गते**
देशभर कोरोना भाइरस (कोभिड १९) बाट सङ्क्रमित हुनेको सङ्ख्या ९९ पुगेको छ । यस प्रदेशमा सात जनालाई कोरोना सङ्क्रमण पोजेटिभ भएकोमा दुई जना पाटन अस्पताल, तीन जना टेकु अस्पताल र एक जना भरतपुर अस्पतालमा गरी ६ जना उपचारपछि घर फर्किसकेका छन् । हाल एक जनाको भरतपुर अस्पतालमा उपचाररत रहेको प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ । हालसम्म यस प्रदेशमा ९ सय ४७ शैयाको आइसोलेशन रहेकोमा १० जनालाई आइसोलेशनमा राखिएको छ ।
प्रदेशमा ८ हजार ९ सय ४० जनामा आरडीटी परीक्षण गरिएकोमा १९ जनामा पोजेटिभ रिपोर्ट आएको थियो । वैशाख २३ गते आरडीटी पोजेटिभ देखिएका एक पुरुषको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ । यस्तै हालसम्म पीसीआरको लागि २ हजार २ सय ५६ ओटा नमूना सङ्कलन भएकोमा सात ओटामात्रै पोजेटिभ आएको मन्त्रालयले जनाएको छ ।
बागमती प्रदेश मातहतमा रहेका सात ओटा अस्पताल विकास समितिका अध्यक्षहरूसँग सामाजिक विकास मन्त्रालयले छलफल गरेको छ । मन्त्रालयले कोरोना भाइरस (कोभिड-१९) को रोकथाम, नियन्त्रणको लागि अस्पतालले गरेका प्रयास, काम र तयारीका साथै अगामी दिनमा चाल्नुपर्ने कदमहरूका बारेमा अस्पतालका अध्यक्षहरूसँग छलफल गरेको हो ।
छलफलमा सामाजिक विकास मन्त्री युवराज दुलालसहित मन्त्रालयका वरिष्ठ चिकित्सक डा.पुरुषोत्तम सेढाईंलगायतको उपस्थिति रहेको थियो ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार जिल्लाको विभिन्न स्थानीय तहले निर्माण गरिएका ५ सय २७ बेडको क्वारेण्टाइनहरू मध्ये मापदण्ड नपुगेको भन्दै तीन स्थानमा रहेको २१ बेडको क्वाराण्टाइन बन्द गरिएको छ ।
जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालय र जिल्ला समन्वय समिति समेत रहेको जिल्ला स्तरिय अनुगमन समितिले अनुगमन गरी सुनकोशी गाउँपालिका–४ मा रहेको चार बेड, सोही गाउँपालिका–७ मा रहेको सात बेड र भोटेकोशी गाउँपालिकामा रहेको १० बेडको क्वारेण्टाइन बन्द गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुर्गादत्त चापागाईले बताउनु भयो ।
कोरोना भाइरसको महामारीमा रोग भित्रिने डर भएको भन्दै तातोपानी नाका हुँदै चीनबाट खाद्य सामग्री लिएर नेपाल भित्रिएका सात कन्टेनरलाई भोटेकोशी गाउँपालिका–४ का वडा अध्यक्ष साङदोर्जे शेर्पा सहितको समूहले अवरोध गरेको तातोपानी भन्सार प्रमुख लालबहादुर खत्रीले बताउनु भयो ।
तातोपानी नाका हुँदै चीनबाट खाद्य सामग्री लिएर नियमित रुपमा नेपाल भित्रिएको कन्टेनर भ्यानलाई जनप्रतिनिधि आफैले अवरोध गरेपछि चीन र नेपाल बीच भएको संझौता तथा समझदारीमा आँच आउन सक्ने सम्भावना भएको तातोपानी भन्सार कार्यालयका प्रमुख लालबहादुर खत्रीको भनाइ छ ।
कोरोना भाइरसको महामारीको वर्तमान अवस्थामा तातोपानी नाकाबाट स्वास्थ्य सुरक्षाका सामग्री मात्र आयात गर्ने सहमती विपरीत जाँच बिना नै अन्य खाद्य सामग्री ल्याउदा कोरोना भाइरस समेत प्रबेश गर्ने सम्भावन बढेकोले बिरोध जनाएको भोटेकोशी गाउँपालिका-४ का अध्यक्ष साङदोर्जे शेर्पाले बताउनु भयो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार लकडाउनका कारण समस्यामा परेका विपन्न वर्गलाई उत्पादनशील क्षेत्रमा लगाउन रत्ननगर नगरपालिकाले सामूहिक खेती सुरु गरेको छ । वडा-४ मा ८ बिघा बाँझो जमीन जोतेर विपन्न वर्गलाई मकै र पशुपालक किसानहरूलाई घाँसखेती गर्न दिइएको वडाध्यक्ष रवीन्द्र चौधरीले जानकारी दिनुभयो ।
सो वडा अन्तर्गत देवौलीमा चार बिघा र सेरीमा चार बिघा जग्गा जोतेर विपन्न वर्गले मकै र घाँसखेती लगाउन सुरु गरेका छन् । मकैखेती गर्नका लागि नगरपालिकाले जोताइ खर्च, बीउ र मल उपलब्ध गराएको छ । आठ बिघामा खेती गर्न विपन्न समुदायको १२ ओटा समूह बनाइएको छ ।

पुरानो मेडिकल कलेजको आइसोलेशनमा उपचारका क्रममा मृत्यु भएकाको स्वाब परीक्षण गरिने भएको छ । दम, उच्च रक्तचाप र ज्वरो आएर उपचारका लागि आएकी रुपन्देही जिल्ला घर भई हाल खैरहनी नगरपालिका-१२ बस्ने ६० वर्षीया उमादेवी विकको उपचारका क्रममा वैशाख २३ गते राति मृत्यु भएको थियो । अस्पतालमा विकको मृत्यु भएपछि कोरोना भाइरसको आशङ्कामा स्वाब सङ्कलन गरी काठमाडौँ पठाउने तयारी गरिएको स्वास्थ्य कार्यालय चितवनका प्रमुख दीपक तिवारीले जानकारी दिनुभयो । मृत्यु भएकी विकको शव भरतपुर अस्पतालको शवगृहमा राखिएको छ ।
देशव्यापी लकडाउन जारी रहे पनि चितवनका सडकहरूमा भने बाक्लै रुपमा सवारी गुडेको देखिन्छ । भरतपुर, नारायणगढ, रत्ननगरलगायतका प्रमुख शहरहरूमा सवारी सधानको चाप ह्वात्तै बढेको छ । शहरी क्षेत्रका अधिकांश बैंकहरू सञ्चालनमा आएका छन् । बैंकमा सर्वसाधारणको ठूलो भिड लागेको छ । प्रशासनले लकडाउन कार्यान्वयन गर्नका लागि सडकमा सुरक्षाकर्मीहरू परिचालन गरेपनि सुरक्षाकर्मीले सवारी साधानको आवागमनमा रोक लगाएका छैनन् । नारायणगढ र भरतपुरको एसबीआई बैंकमा सबै भन्दा भिड छ । भरतपुर स्थित प्रभु बैंक, नारायणगढको नेपाल इन्भेष्टमेन्ट बैंक, एनआइसी एसिया, एनसीसी, एभरेष्ट बैंकलगायतमा सर्वसाधारणको चाप निकै बढेको छ । सरकार मातहतका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडमा पनि चाप बढी छ । चितवनका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले बिहान साँझको समयमा केही खुकुलो भएको बताउनु भयो ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार दोलखाका सहकारी तथा उपभोक्ता समितिहरूले लकडाउनको मर्ममा सहायता गर्ने भन्दै बचतमा ब्याज थप गर्ने, पानी उपभोगको महशुल मिनाहा गर्ने योजना सार्वजनिक गरेका छन् । सदरमुकाम चरिकोटस्थित मिलिजुली कालिञ्चोक बचत तथा ऋण सहकारी र हाम्रो जनकल्याण बचत तथा ऋण सहकारीले ब्याज थप तथा कर्जाको ब्याज छुट र दोलखा बजार खानेपानी उपभोक्ता समितिले महशुल मिनाहा गर्ने योजना सार्वजनिक गरेका हुन् ।
जिल्लाकै सबैभन्दा ठूलो मिलिजुली कालिञ्चोक साकोसले आफ्नो सबै सदस्यलाई आधा प्रतिशत व्याज थप गरिदिने भएको छ । सञ्चालक समितिले  निर्णय गरेर सेयर सदस्य तथा बाल बचतकर्ताको बचतमा जेठ र असार महिनामा गरिएको बचतमा शुन्य दशमलव ५ प्रतिशत ब्याज थप गर्ने निर्णय गरेको मिलिजुली कालिञ्चोक साकोसका प्रमुख कार्यकारी अधिकृत ईश्वर न्यौपानेले जानकारी दिनुभयो । त्यसको लागि करिब ७ लाख खर्च हुने सहकारीको अनुमान छ । हाम्रो जनकल्याण साकोसले लकडाउन अघि, लकडाउन अवधिभर र लकडाउन सकिएपछि सहित गरी ५ देखि १२ प्रतिशतसम्म कर्जाको ब्याज छुट दिने निर्णय भएको सहकारीका अध्यक्ष राजन श्रेष्ठले जानकारी दिनुभयो ।
दोलखा बजार खानेपानी तथा सरसफाई समितिले आफ्नो करिब २ सय उपभोक्ताहरूलाई लकडाउन अवधिभरको पानीको महशुल मिनाहा गरेको छ ।
जिल्लामा वैशाख २४ गतेबाट सवारी पास वितरणमा कडाई गरिएको छ । जिल्ला प्रशासन कार्यालयबाट दोलखाले वैशाख २३ गते सूचना जारी गरी जिल्ला बाहिरका लागि पास जारी नगर्ने जनाएको थियो ।
दोलखाको किर्नेटारमा पनि अत्यावश्यकिय सवारी साधानमा किटनासक औषधि छर्कने कार्य सुरु भएको छ । छिमेकी जिल्ला रामेछाप हुँदै दोलखा भित्रने सवारी साधनहरूमा तामाकोशी गाउँपालिका-५ स्थित शहरे किर्नेटारमा सवारी साधनलाई निसङ्क्रमण गरेर मात्र जिल्ला प्रवेश गराउने कार्य सुरु भएको तामाकोशी गाउँपालिकाका अध्यक्ष ईश्वर चन्द्र पोखरेलले बताउनु भयो ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार सहयोगी हातहरूको समूह (सहास) नेपाल नाम गैरसरकारी संस्थाद्वारा सञ्चालित सामुदायिक विद्यालयहरूमा समावेशी तथा गुणस्तरीय शिक्षा प्रवर्द्धन परियोजनाले रामेछापको दोरम्बा गाउँपालिकालाई विभिन्न स्वास्थ्य सामग्री सहयोग गरेको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार हेटौँडा अस्पतालमा प्रदेश मातहतका अस्पतालका अध्यक्षहरूको बैठक भएको छ । बैठकमा अस्पतालको विस्तार, कर्मचारी व्यवस्थापन, संचरना तथा प्रदेश मातहतका अस्पतालले एकद्वार प्रणालीबाट सेवा दिन छलफल भएको हेटौँडा अस्पतालका अध्यक्ष प्रकाश पौडेलले बताउनु भयो ।
बैठकमा लकडाउनको बेलामा उपचारमा सहजता दिन स्वास्थ्य बीमाको विषयमा पनि छलफल भएको थियो । बागमती प्रदेश मातहतका चार अस्पतालमा अहिले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन भइरहेको छ । सबै अस्पतालमा विस्तार गर्न तथा एउटै कोडबाट प्रदेशभरका नागरिकले सेवा लिन सक्ने बारे छलफल भएको अध्यक्ष प्रकाश पौडेलले बताउनु भयो । यस्तै निशुल्क औषधि वितरण, अस्पतालको विकास र स्रोत साधन परिचालन सम्बन्धी पनि छलफल भएको छ ।
मकवानपुर उद्योग वाणिज्य सङ्घले व्यवसायीले लिएका कर्जाको लकडाउनको अवधिको व्याज छुटको माग गरेको छ । लकडाउनका कारण व्यवसाय पूर्णतः बन्द भएको भन्दै प्रेस विज्ञप्ति जारी गर्दै सङ्घले लकडाउन अन्त्य भएपछि व्यवसायीलाई थप कर्जा दिन र कर्जाको व्याजदर पनि लकडाउन अघिको भन्दा ५ प्रतिशतसम्म कम दरमा दिन माग गरेको छ ।
इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडाका अनुसार कालिका गाउँपालिकाले आर्थिक अवस्था कमजोर भएका कालिका गाउँपालिका-५ ज्याङलाङका एक गर्भवती महिला र वडा नम्बर ४ का एक जना वृद्धा महिलालाई लकडाउनको समयमा उपचारको क्रममा काठमाडौ लाने र ल्याउनको लागि एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइएको छ ।
स्थानीय तहले दोस्रो चरण्को राहत वितरणमा ढिलाइ रहेकोले केही बस्तीमा खाद्यान्न अभाव भएको गुनासो आएको छ । नौकुण्ड गाउँपालिका-१, २, ४, र ६ मा दोस्रो चरणको राहत नपाएका गुनासो गरेका छन् । आमाछोदिङमो गाउँपालिकाले दोस्रो चरण राहत वितरणका गरेको छैन । उता उत्तरगया गाउँपालिकाले पनि राहत नितरण नगर्दा ०७२ वैशाखको विनाशकारी भूकम्पका कारण विस्थापित १ सय ६९ परिवार वडा-५ को खाल्टे बगरमा दैनिक गुजारा चलाउन नसकेर कष्टकर जीवन बिताउँदै आएका छन् ।
जिल्लाको मानिस आवतजावत हुने तीन ओटा नाका बेत्रावती, मैलुङ्ग र सरमथलीमा रहेका हेल्प डेक्सबाट क्वारेन्टाईनमा पठाउन वा सेल्फ क्वारेन्टाईन अनिवार्य गर्न अनुरोध गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख २४ गते २० जना शङ्काष्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ ।
बन्दाबन्दीको समयमा व्यापकरुपमा सवारीसाधनमा म्याद गुज्रेका सवारी पास र विभिन्न निकायको पोशाकको व्यापक दुरुपयोग भएको पाइएको छ ।
भक्तपुरमा पत्रकारको भेषमा गैरपत्रकारहरू लकडाउनको बेलामा हिड्ने गरेको प्रहरीको गुनासो छ । दैनिक करिब १ सय ३० भन्दा बढी मोटरसाइकल भक्तपुरको ६ लेन सडकमा पहेलो ज्याकेट लगाएर पत्रकार हुँ भन्दै हिड्ने गरेको प्रहरीको भनाई छ । यसैगरी नेपाली सेनाको पोशाकको पनि व्यापक दुरुपयोग भएको छ ।
भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले पोशाकको दुरुपयोग हुने गरेको गुनासो आएको बताउनु भयो । पत्रकार, नेपाली सेना र प्रहरीको पोशाक लगाएर ओहोर दोहोर गर्नेहरूलाई पनि परिचय पत्र हेर्न प्रहरीलाई निर्देशन दिएको बताउनु भयो ।
कोभिड-१९ को सङ्क्रमण रोक्न सरकारले बन्दाबन्दी (लकडाउन) लगाए पनि भक्तपुरका चारओटै नगरपालिकाका बासिन्दालाई भने खेतमा पाकेको बाली भित्र्याउन र खेती लगाउने चटारो परेको छ । जिल्लाको चार ओटै नगरपालिकाको शहरी क्षेत्रमा भन्दा पनि काँठ क्षेत्रका किसानलाई यतिखेर खेतमा तयारी भएका बाली भित्र्याउन र नयाँ बाली लगाउने चटारो परेको हो ।

सूर्यविनायक नगरपालिकाले जग्गा बाँझो राख्न नपाउने नीति अबलम्बन गरेको नगरपालिकाका प्रमुख बासुदेव थापाले जानकारी दिनुभयो । नगरपालिकाले जग्गा बाँझो राख्नेलाई कारबाही गर्ने भएपछि बाँझो जमीनमा तरकारी खेती गर्नेहरू समेत बढेका छन् । सूर्यविनायक नगरपालिकाकी उपप्रमुख जुना बस्नेतले गहुँ काट्ने, मकै छर्ने, तरकारी लगाउने र धानको बिउ राख्ने चटारो परेको यतिखेरका किसानलाई बन्दाबन्दी भनेर घरबाट बाहिर निसक्नबाट रोक्न नहुने भएकाले घर नजिक भएका खेतीपातीको काम गर्न नगर क्षेत्रका स्थानीयवासीलाई रोक्न कडाइ नगरिएको बताउनु भयो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार जिल्लामा लकडाउन उल्लङ्घन गर्नेको सङ्ख्या बढ्दो छ ।
वैशाख २४ गते मात्रै २ सय ३२ जनाले लकडाउन उल्लङ्घन गरेको प्रहरीले जनाएको छ ।
महालक्ष्मी नगरपालिकाले श्रममा आधारित रोजगार कार्यक्रममा सहभागी हुन आह्वान गरेको छ । नगरपालिका क्षेत्रभित्र श्रमिकको रुपमा बसोबास गरिरहेका बेरोजगार तथा मजदुर वर्गलाई वडा कार्यालयमा सम्पर्क गरेर श्रममा आधारित रोजगार कार्यक्रममा सहभागी हुन आह्वान गरिएको नगरप्रमुख रामेश्वर श्रेष्ठले बताउनु भयो ।
ललितपुर महानगरपालिका, महालक्ष्मी नगरपालिका, गोदावरी नगरपालिकाका विभिन्न टोल बस्तीहरूमा सामुहिक खानाको व्यवस्था गरिएको छ ।
गोदावरी नगरपालिका-१० प्याङगाउँमा न्यू हिडन ग्रुपले वैशाख १९ गतेदेखि बिपन्न, दैनिक ज्यालादरी पेशामा रहेका, अपाङ्गता भएका नागरिकहरू समेत दैनिक दुई सय ४९ जनालाई सामाजिक दुरी कामय गरी बिहान र साँझको खाना खुवाउँदै आएको सहकारीकर्मी रामभक्त महर्जनले जानकारी दिनुभयो ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार नेपालमा एकै दिनमा १७ जना कोरोना सङ्क्रमित थपिएका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जानकारी दिएको छ ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित प्रेस ब्रिफिङमा प्रवक्ता डाक्टर विकास देवकोटाले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको परीक्षणमा पर्साका १७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको जानकारी दिनुभयो । यो सँगै तीन जनामा पुनः कोरना पोजेटिभ देखिएको छ ।
वैशाख ११ गते डिस्चार्ज हुनुभएका ५८ वर्षीय काठमाडौँका पुरुषलाई फलोअप नमुना परीक्षण गर्दा पुनः कोरना पोजेटिभ देखिएकोले पाटन अस्पताल भर्ना गरिएको छ । यसैगरी बैशाख १४ गते डिस्चार्ज हुनुभएका रौतहटका १९ वर्षीय र पर्साका ४४ वर्षीय पुरुषहरूलाई पनि पुनः पोजेटिभ देखिएको छ ।
वैशाख २४ गते कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएकामा २ महिनाका शिशु समेत छन् । उनीहरूमध्ये १० पुरूष र ७ महिला छन् । सङ्क्रमित सबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ ।
कोभिड १९  परीक्षणका तथा नियन्त्रणका लागी आवश्यक पर्ने सामग्रीहरू पीपीई सेट, सर्जिकल गल्ब्स, थर्मल गनलगायतका ४५ करोड २८ लाख बराबरको सामान  एसोसेशन अफ इन्टरनेशनल इन नेपालले हस्तान्तरण गरेको छ ।
काठमाडौँ जिल्लाको बुढानिलकण्ठ नगरपालिकामा मानिसहरूको चहल पहलमा बृद्धि भएको छ । मानिसहरूलाई सामाजिक दुरीलाई ध्यान दिदै काममा फर्किएका छन् । नगरपालिकाले सामुहिक खाना पनि वितरण गर्दै आएको छ । तर ज्यालादारीमा काम गर्ने मजदुरहरूलाई काम पनि दिने गरिएको नगरपालिकाका मेयर उद्धबप्रसाद खरेलले जानकारी दिनुभयो ।
यस्तै सरकारले यातायातमा गरेको कडाईका आधारमा वैशाख २१ गते मात्रै महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता जीवन कुमार श्रेष्ठका अनुसार काठमाडौँमा मात्रै दुईपाग्रे सवारी ६ सय ७ र ५९ चारपाग्रे सवारीलाई कारबाही गरिएको छ । यसरी दिनहु कोरना संक्रमितको सख्या बढ्दै गए पनि सडकमा हिड्नेको सख्यामा कमि नआएको श्रेष्ठले जानकारी दिनुभयो ।

विभिन्न जिल्लाबाट नागढुङ्गा नाका आइपुगेका मोटरसाइकलसहितका ५४ ओटा सवारी साधनहरूलाई प्रहरीले फर्काएको छ । सवारी  पास भए पनि विना समन्वय र अत्यावश्यक कामविना आएका उनीहरूलाई फर्काइदिएको प्रहरीले जनाएको छ ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार स्थानीय प्रशासनले वैशाख २४ गते जिल्लाको जय भगवानी कृषि सहकारी संस्थाको रासायनिक मलको गोदाममा छापा मारेको छ । उक्त सहकारीले विरगञ्जबाट साल्ट ट्रेडिङ कम्पनीबाट युरिया डिएपीलगाएतका मल ल्याई बिक्री वितरण गरेको र उक्त मल किसानलाई सहज तथा उचित मुल्यमा उपलब्ध नगराएको आरोपमा उजुरी परेपछि स्थानीय प्रशासनले छापा मारेको थियो । छापा मारी प्रशासनले गोदाम शिल गरेको छ भने मल ल्याएर आएका तीन ओटा सवारी साधनको मल समेत जफत गरेको छ ।
यस्तै सहकारी मार्फत रामेछाप पठाउन थालिएको ५५ बोरा मल पनि बरामद गरिएको प्रशासनले जनाएको छ ।
नेपाली सेनाले सिन्धुलीमाढीमा कोभिड १९ सम्बन्धी मृत शरीर व्यवस्थापनको कृतिम घटना अभ्यास गरेको छ । मध्य पूर्वी पृतनाको आयोजना र बर्दबहादुर गणको समन्वयमा उक्त अभ्यास गरिएको हो ।
रौतहटको इँटा भट्टाबाट फर्केका मजुदरहरूलाई क्वारेण्टाईनमा राखिएको छ । मरिण गाउँपालिका-७ का थामी समुदायका १८ जनालाई मरिण गाउँपालिकाको कपिलाकोटको मरिण बहुमुखी क्याम्पसको क्वारेण्टाइनमा राखिएको गाउँपालिकाका अध्यक्ष पानीराज बम्जनले बताउनु भयो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार जिल्ला कमाण्ड पोष्ट काभ्रेले जिल्ला प्रवेश गर्ने सबै नाकाबाट आवतजावत बन्द गर्ने निर्णय गरेको छ ।
कमाण्ड पोष्टले काभ्रे जिल्लासँग सिमाना जोडिएका सबै नाकाबाट आवतजावत रोक्ने निर्णय गरेको जिल्ला कमाण्ड पोष्टका प्रवक्ता नरेन्द्रकुमार झाले बताउनु भयो । सिन्धुपाल्चोकसँग सिमाना जोडिएको मण्डनदेउपुर नगरपालिका, भुम्लु र चौरीदेउराली गाउँकाको नाका बन्द हुनेछ । त्यस्तै भक्तपुरसँग जोडिएको बनेपा नगरपालिका, ललितपुरसँग जोडिएको खानीखोला र बेथानचोक गाउँपालिकाको पनि नाकाबाट आवतजावत गर्न पाइने छैन् । रामेछापसँग सिमाना जोडिएको तेमाल र रोशी गाउँपालिकाको नाका पनि बन्द हुनेछ । सिन्धुली र मकवानपुरसँग नाका जोडिएको महाभारत गाउँपालिकाबाट पनि आवतजावत गर्न नपाइने निर्णयमा उल्लेख छ । कमाण्ड पोष्टले जिल्लाको १३ ओटै स्थानीय तहको वडा र बस्तीस्तरसम्म निगरानी समूह गठन गरेर लकडाउनको प्रभावकारी कार्यान्वयन गर्न अनुरोध गरेको छ ।
काभ्रेको धलिखेलमा कोभिड १९ कोरोना प्रतिकार्य विरुद्ध प्रदर्शनी गरिएको छ । कोरोना सङ्क्रमितको बिरामी भएदेखि मृत्यु भएपछि गर्ने कार्य प्रदर्शनी गरेको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सीनाले बताउनु भयो ।
रोशी गाउँपालिकाले बीपी राजमार्ग हुदैं आवतजावत गर्ने सवारी साधनमा भाइरस निसङ्क्रमण गर्ने विषादी छर्कन थालेको छ ।
जिल्ला प्रहरी कार्यालय धुलिखेलको हिरासतमा रहेका पाँच जनाको आरडीटी विधि मार्फत कोरोना भाइसरको परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार त्रिशूली थ्री बि हब मा कार्यरत १८ जना मजदुर घर जान हिडेकोमा बिदुरमा प्रहरीले रोकेर ठेकेदारलाई बोलाई निर्माण स्थलमै पठाएको छ । ६० जना मजदुर कार्यरत रहेको र काम नभएको दिनको खाना ठेकेदारले निःशुल्क खुवाई रहेकोमा आफ्नो सुरले काम छाडेर हिडेका कन्चनपुरका यि मजदुरलाई प्रहरीले निर्माण स्थल पठाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार धुनीबेसी नगरपालिकालाई रिम्स नेपालले खाद्यान्न सहयोग गरेको छ।

त्रिपुरासुन्दरी गाउँपालिका कोरोना भाइरस महामारी नियन्त्रण तथा रोकथामको प्रयोजनका लागि सञ्चालन गरिएको त्रिपुरासुन्दरी गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा यस गाउँपालिका-६ निवासी लक्ष्मण शर्माले कोषमा १० हजार रुपियाँ सहयोग गर्नुभएको छ । सिद्धलेक गाउँपालिका-६ लाई पतन्जली योग समितिले १ सय ४४ पिस साबुन हस्तन्तरण गरेको छ ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौँडा**